# बैठक नं. २९३(३)५३
# मिति २०८१।०१।१७
## निर्णय

**प्रस्ताव नं. १ को सम्बन्धमा**

राष्ट्रिय सूचना आयोगको १७ औं स्थापना दिवस सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यतामा भव्य रुपमा राष्ट्रपति कार्यालय, शितल निवासमा मनाउने र सो अवसरमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू, नेपाल सरकारका सचिव, सूचनाको हकको अभियान्ताहरु, सूचना अधिकारीहरु लगायतको उपस्थिति रहने । विशेष समारोहमा सम्माननीय राष्ट्रपतिज्यूलाई आयोगले प्रकाशन गरेको सूचनाको अधिकार ( A Journal of RTI) र ४ वटा राष्ट्र भाषा मैथली, भोजपुरी, अवधि र थारु भाषामा तयार गरिएको सूचना मागकर्ताका लागि सहयोगी पुस्तिका हस्तान्तरण गरी सार्वजनिक गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा**

राष्ट्रिय सूचना आयोगद्वारा हरेक वर्ष प्रदान गरिँदै आएको विनय कसजु उत्कृष्ट अभियान्ता पुरस्कार र उत्कृष्ट सूचना अधिकारी पुरस्कारका लागि आवेदन माग गरिएकोमा आयोगका सचिवको संयोजकत्वमा रहेको सिफरिस समितिले पूर्व निर्धारित आधारमा मूल्याकंन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने देहाय बमोजिमका सूचनाको हकका अभियान्ता र सूचना अधिकारीको नाम सिफारिस भई आएकोमा स्वीकृत गर्ने निर्णय गरियो :

**१. विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारवाट पुरस्कृत गर्न सिफारिस गरिएका सूचनाको हकका अभियन्ताहरु**

| सि. नं | नाम | स्थायी ठेगाना | प्रदेश | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | श्री परशुराम साह | सिरहा न.पा.७,सिरहा | **मधेश प्रदेश** | ९१ |
| २ | श्री यदुनाथ बञ्जारा | पोखरा म.न.पा-१६ कास्की | **गण्डकी प्रदेश** | ९० |
| ३ | श्री इन्द्र प्रसाद बन्जारा ( रमेश) | हेटौंडा उ.म.न.पा -८ मकवानपुर | **बागमती प्रदेश** | ७९ |
| ४ | श्री आदित्य दाहाल | मेलम्ची.न.पा-१० सिन्धुपाल्चोक | **बागमती प्रदेश** | ७७ |

**२. उत्कृट सूचना अधिकारी पुरस्कारवाट पुरस्कृत गर्न सिफारिस गरिएका सूचना अधिकारीहरु**

| सि. नं. | नाम | पद | कार्यालय | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | श्री ललितबहादुर बुढा | सूचना प्रविधि अधिकृत, छैठौं | पञ्चदेवल विनायक नगरपालिका,अछाम | ८० |
| २ | श्री किशोर कुमार वाइवा | सूचना प्रविधि अधिकृत, छैठौं | घ्याङलेख गाउँपालिका,हायुटार,सिन्धुली | ७९ |
| ३ | श्री तुल बहादुर वि.क. | प्रशासकीय अधिकृत (सातौं) | गल्कोट नगरपालिका,बाग्लुङ | ४६ |
| ४ | श्री टेक बहादुर खत्री | जनस्वास्थ्य निरीक्षक/अधिकृत (छैठौं) | दंगीशरण गाउँपालिका,दाङ | ४४ |
| ५ | श्री डम्बर रोगु | प्रशासकीय अधिकृत (सातौं) | धनकुटा नगर कार्यपालिकाको कार्यालय,धनकुटा | ३८ |

**३. आयोगमा रही उत्कृष्ट काम गर्ने कर्मचारी पुरस्कृतका लागि सिफारिस गरिएका कर्मचारीहरु**

राष्ट्रिय सूचना आयोगमा कार्यरत आफूलाई प्राप्त जिम्मेवारी र सूचनाको हकको कार्यान्वयनका लागि नियमित रुपमा लागि रहेका उत्कृष्ट कर्मचारी पुरस्कार दिन देहायका कर्मचारीको नाम आयोगको सचिवालयबाट सिफारिस भई आएकोमा स्वीकृत गर्ने :

| **सि.नं** | **कर्मचारी संकेत नं** | **पद** | **नाम,थर** | **आयोगमा पद स्थापना भएको मिति** |
|---|---|---|---|---|
| १ | १८९७०९ | शाखा अधिकृत | श्री हरिहर कार्की | २०७६।०२।२२ |
| २ | १९०८४१ | नायव सुव्वा | श्री सान्ता न्यौपाने | २०७७।१०।२९ |
| ३ | २०२२७७ | लेखापाल | श्री लक्ष्मण अर्याल | २०७८।०५।०१ |
| ४ | करार सेवा | कम्प्युटर अपरेटर | श्री गौरव गुरुङ | २०७३।०२।१७ |

**प्रस्ताव नं. ३ को सम्बन्धमा**

राष्ट्रिय सूचना आयोगको आगामी आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित बजेट तथा कार्यक्रमको सम्बन्धमा अहिलेको अवस्था बारेमा छलफल तथा जानकारी प्राप्त गरियो ।

**विविध**

विभिन्न समसामयीक विषयमा छलफल गरियो ।